का.जि.प्र.का.द.नं. १००/०५९/६०

८ वैशाख २०७९,

बिहीबार

21 April 2022,

Thursday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक ७५ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com



स्थानीय तहको निर्वाच्नका लागि भर्ना भका म्यादी प्रहरी बुधबार तालिम पश्चात् पोसाक लगाएर कार्यकर्तामा खटिदै । कपिलवस्तुमा १,९२९ जना म्यादी प्रहरी भर्ना भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । तस्वीरः रासस

# नेता सहमत, कार्यकर्ता असहमत

मूख्य शहरहरुमा भागबण्डा गर्ने सत्ता गठबन्धनको नेतृत्वको निर्णयप्रति कार्यकर्ता पंक्तिमा भने चर्को असन्तुष्टि देखिएको छ । मूख्यगरी सरकारको नेतृत्व गरिरहेको दल नेपाली कांग्रेसका कार्यकर्ताले चर्को असन्तुष्टि जनाएका छन् ।

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, ७ वैशाख ।

सत्ता गठबन्धनले महानगरपालिका र उपमहानगर पालिकामा भागवण्डा टुंग्याएको छ । भागवण्डामा पार्टीका शीर्ष नेताहरु कांग्रेस सभापति एवं प्रधानमन्त्री शेरबहादुर देउवा, नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड, नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधव नेपाल, जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादव र राष्ट्रिय जनमोर्चाकी उपाध्यक्ष दुर्गा पौडेलले हस्ताक्षर गरेकी छन् ।

सहमति अनुसार कांग्रेसले काठमाडौं, ललितपुर र विराटनगर महानगरपालिकाको प्रमुखमा तथा वीरगञ्ज, भरतपुर र पोखराको उपप्रमुखमा उम्मेदवारी दिनेछ । धरान, इटहरी, कलैया, बुटवल, तुलसीपुर, नेपालगञ्ज र धनगढी उपमहानगरपालिकाको प्रमुखमा तथा जितपुर-सिमरा, घोराही र हेटौंडा उपमहानगरपालिकाको उपप्रमुखमा कांग्रेसले उम्मेदवारी दिनेछ ।

सत्ता गठबन्धनका अर्को दल नेकपा (माओवादी केन्द्र)ले भने भरतपुर महानगरपालिकाको प्रमुख र ललितपुर महानगरपालिकाको उपप्रमुखमा उम्मेदवारी दिनेछ । माओवादी केन्द्रले जितपुर-सिमरा र घोराही उपमहानगरपालिकाको प्रमुख तथा धरान र धनगढी उपमहानगरपालिकाको उपप्रमुखमा उम्मेदवारी दिनेछ । नेकपा (एकीकृत समाजवादी)ले पोखरा महानगरपालिकाको प्रमुख तथा काठमाडौं महानगरपालिकाको उपप्रमुखमा उम्मेदवारी दिने सहमति जुटेको छ । हेटौंडा उपमहानगरपालिकाको प्रमुख तथा इटहरी, बुटवल र तुलसीपुर उपमहानगरपालिकाको उपप्रमुखमा एकीकृत समाजवादीले उम्मेदवारी दिनेछ ।

सत्तारुढ अर्को घटक जनता समाजवादी पार्टी नेपालले वीरगञ्ज महानगरपालिकाको प्रमुखमा र विराटनगर महानगरपालिकाको उपप्रमुखमा तथा जनकपुर उपमहानगरपालिकाको प्रमुख तथा कलैया र नेपालगञ्ज उपमहानगरपालिकाको उपप्रमुखमा उम्मेदवारी दिनेछ ।

पाँचदलीय – बाँकी पृष्ठ २ मा

## गठबन्धनप्रति सँधै प्रश्न

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ७ वैशाख ।

पाँच दलीय सत्तागठबन्धनले महानगरपालिका र उपमहानगर पालिकाको प्रमुख र उपप्रमुखमा उम्मेदवार उठाउने विषयमा भागवण्डा मिलाएका छन् । सहमतिअनुसार सबैभन्दा धेरै कांग्रेसले भाग लिएको छ । ६ महानगरमध्ये कांग्रेसले तीन वटा महानगरको नेतृत्व लिएको छ । ११ उपमहानगरमध्ये कांग्रेसले ७ वटा उपमहानगरको नेतृत्व लिएको छ । प्रमुख नलिएको महानगर र उपमहानगरमा उपप्रमुख कांग्रेसले लिएको छ । अर्थात, ६ उपमहानगर र ११ उपमहानगरमध्ये सबैमा कांग्रेसको प्रतिनिधित्व हुने गरी भागवण्डा गरेको छ । तैपनि यो कांग्रेस संस्थापनइत्तर समुहलाई चित्त बुझेको छैन् ।

पार्टीको महाधिवेशनमा सभापति शेरबहादुर देउवासँग चुनाव हारेका डा. कोइराला छुट्टै भेला गर्दै हिडेका छन् । मंगलबार पार्टी सभापति शेरबहादुर देउवा नेपाल विद्यार्थी संघको कार्यक्रममा सहभागि भए र गठबन्धन आवश्यक भएको अभिव्यक्ति दिए । भोलिपल्ट बुधबार डा. शेखर कोइरालाले विद्यार्थी संघकै छुट्टै कार्यक्रम राख्न लगाएर चुनावी गठबन्धनको विरोध गरे ।

मंगलबार शेरबहादुर देउवाले गठबन्धन आवश्यक भएको बताएका थिए । उनले गठबन्धन सबै कांग्रेसलाई जिताउन नभएको भनी गठबन्धनका तर्फबाट उम्मेदवारहरु हुनेहरुलाई जिताउन निर्देश गरे । भोलिपल्ट डा. कोइरालाले चुनावी गठबन्धन विगतमा – बाँकी पृष्ठ २ मा

# बढ्यो आचारसंहिता उल्लङ्घन

निर्वाचनलाई निश्पक्ष र स्वतन्त्र बनाउन भन्दै आयोगले आचारसंहिता लागू गरेको छ । तर, लागू भएको आचारसंहिता उल्लघंन गर्नेहरु बढ्दै गएको स्वयम् निर्वाचन आयोगकै स्वीकारोक्ति छ ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ७ वैशाख ।

गत चैत २५ गतेदेखि निर्वाचन आचारसंहिता कार्यान्वयनमा छ । तर, पछिल्लो समय आचासंहिता उल्लङ्घन गर्नेहरु बढेका छन् । ध्यानाकर्षण गराउँदा गराउँदै पनि आचासंहिता उल्लङ्घन गर्नेहरु बढेको निर्वाचन आयोगले जनाएको छ ।

बुधबार मात्रै बाराको कलैयामा स्थानीय माओवादी केन्द्रमा नेता बिक्रम साह चुनाव चिह्न अंकित टिर्सटसहित प्रचारमा हिडेको देखिए । कलैया उपमहानगरपालिका वडा नम्बर २३ मा वडा अध्यक्ष पनि हुन् । निर्वाचन आयोगले जारी गरेको आचारसंहिता अनुसार जनप्रतिनिधि चुनावी प्रचारमा हिड्न पाउँदैनन् । चुनावी प्रचारमा चुनाव चिह्न अंकित टिर्सट, गम्छा लगायतका सामाग्री उपयोग गर्न पनि बन्देज लगाइएको छ । तर, आचारसंहिता पालनामा भने राजनीतिक दल, कार्यकर्ताहरुले बेवास्ता गरेका छन् ।

निर्वाचन आयोगले पनि आचारसहिता उल्लङ्घन बढेको महसुस गरेको छ । बुधबार मात्रै विज्ञप्ती निकालेर आयोगले आचारसंहिता पालना गर्न राजनीतिक दल, दलका नेता/कार्यकर्ता र सम्बन्धित निकायहरुको ध्यानाकर्षण गरेको छ ।

आयोगका प्रवक्ता सालिग्राम शर्मा पौडेलका अनुसार चुनाव चिन्ह अकिंत ज्याकेट, कमिज, भेष्ट, टि-सर्ट, टोपी वा क्याप,



> आचारसंहिता उल्लङ्घन गर्नेलाई आयोगले एक लाख रुपैयाँसम्म जरिवाना गर्न सक्छ ।
>
> **दिनेश थपलिया**
> प्रमुख आयुक्त निर्वाचन आयुक्त

गम्छा, मास्क, लकेट र पहिरनका सामाग्रीहरु उत्पादन र वितरण भइरहेको सूचना आयोगमा पुगेको छ । चुनाव चिन्ह अकिंत स्टीकर, लोगो, झोला, ब्याच, ट्याटु लगायतका प्रचार सामाग्रीहरु समेत उत्पादन तथा बिक्रि वितरण भइराखेको भन्ने सूचना प्राप्त भएपछि आयोगले विज्ञप्ती निकालेर खबरदारी गरेको छ ।

प्रवक्ता पौडेलले चुनाव चिन्ह अकिंत सामाग्री उत्पादन नगर्न नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ र नेपाल चेम्बर्स अफ कमर्श र मातहतका उद्योग र फर्मलाई अनुरोध गरेको जानकारी दिए ।

आयोगको अनुरोधलाई बेवास्ता गरे त्यस्ता राजनीतिक दल, उम्मेदवार, दलका भातृ संगठन, कार्यकर्ता, गैरसरकारी वा निजी संस्था तथा संस्थासँग सम्बद्ध पदाधिकारी र कर्मचारीहरुलाई कारबाही गर्ने आयोगको चेतावनी छ ।

आयोगका प्रमुख आयुक्त दिनेश थपलियाका अनुसार आचारसंहिताको उल्लङ्घन गर्नेहरुलाई सुरुमा सचेत गराइन्छ । सचेत गराउँदा पनि आचारसंहिता पालना नगरे पत्र लेखेर चेतावनी दिने त्यति गर्दा पनि नभए उम्मेदवार भए उम्मेदवारी नै रद्ध गर्ने र व्यक्ति वा निकाय भए कानुन अनुसार कारबाही गरिनेछ । 'आचारसंहिता उल्लङ्घन गर्नेलाई आयोगले एक लाख रुपैयाँसम्म जरिवाना गर्न सक्छ' प्रमुख आयुक्त थपलियाले भने ।

# तत्काल वैदेशिक रोजगार व्यावसायको विकल्प छैनः महामन्त्री शर्मा

**मध्यान्ह सम्वाददाता**
काठमाडौं, ७ वैशाख ।

नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्माले आगामी एक दशकका लागि नेपालमा वैदेशिक रोजगार व्यवसायको सान्दर्भिकता रहने बताए । महामन्त्री शर्माले तत्काल वैदेशिक रोजगारको विकल्प नभएकाले यस क्षेत्रलाई मर्यादित र व्यवस्थित गर्न पार्टीका तर्फबाट पहल गर्ने बताए ।

नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार – बाँकी पृष्ठ २ मा



## लोकतान्त्रिक एशोसिएशनमा मतगणना जारी

काठमाडौं/मस- नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसनको नयाँ नेतृत्व चयन गर्न मतदान भएको छ । बुधबार सम्पन्न एघारौं साधारणसभामा प्रतिवेदनहरू पारित भएपछि मतदान भएको हो । अध्यक्षमा तारानाथ अर्याल र कुमुद खनालबीच प्रतिस्पर्धामा छ । – बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

# २१ नेपालीले पाए आममाफी

**तिलु शर्मा पौडेल/मध्यान्ह**
कतार, ७ वैशाख

रोजगारी तथा व्यवसायका क्रममा दोहा कतारमा रहँदा विभिन्न अभियोगमा जेल जीवन बिताई रहेका २१ नेपालीले आममाफी पाएका छन् । इस्लाम धर्मावलाम्बीहरुको पवित्र महिना रमदान पर्वको अवसरमा कतारस्थित केन्द्रीय कारागार तथा अन्य कारागारहरूमा रहेका कैदी बन्दीलाई कतारका अमिर मौसूफ शेख तमिम बिन हमाद अल थानीद्वारा आममाफी दिइएको कतारस्थित नेपाली राजदूतावासले एक विज्ञप्ति मार्फत जनाएको छ ।

आममाफी पाउनेमा यौनजन्य क्रियाकलापमा संलग्नको आरोप लागेका तीन, – बाँकी पृष्ठ २ मा

फ्रि भिसा, फ्रि टिकट र शुन्य लागतमा MALAYSIA मा रोजगार

कम्पनी : FELDA PLANTATION MANAGEMENT SDN BHD शहरः KAULA LUMPUR

पुर्व स्वीकृत मितिः २०७९/०१/०७ चलानी नं.: ६०१७८१५१ LT. No.: 261843

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Plantation Worker | 300 | 0 | स. काममा दक्ष | 1200 | ३४,४४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ बैशाख १५ गते (28 April 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Creative Placement Services Pvt. Ltd.
Basundhara, Kathmandu, Tel: 01-5903365, 5903396, P.O.Box No.: 21498
Mobile: 9823529647
E-mail: creativeplacement2002@gmail.com, website: www.creativenepal.org
Govt. Lic. No. 289/058/059

बचत र मुद्धति निक्षेपमा आकर्षक ब्याज
साथै अनलाइन खाता खोल्ने सुविधा

मुद्धति निक्षेप ११.०३ प्रतिशतसम्म
बचत खातामा ८.१० प्रतिशतसम्म
रेमिट्यान्स मुद्धति निक्षेप १२.०३ प्रतिशत

C-asba Registration Number (CRN)
Mero Share
VISA Debit Card
Demat Account
Internet Banking
अनलाइन खाता खोल्दा पाइने सुविधा

ब्याजदरमा शर्तहरु लागू हुनेछन् ।

Agricultural Development Bank Ltd.
कृषि विकास बैंक लि.
(नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्रप्राप्त संस्था)

www.adbl.gov.np सम्पूर्ण बैंकिङ सुविधा सहितको तपाई हाम्रो घर आँगनको बैंक SWIFT: ADBLNPKA Toll Free: 16600111110

# ऊर्जा व्यापार केन्द्र स्थापना गर्न सहमत



**काठमाडौं/मस–** बहुपक्षीय प्राविधिक तथा आर्थिक सहकार्यका लागि बङ्गालको खाडीको प्रयास (बिम्स्टेक)को ऊर्जा मन्त्रीस्तरीय तेस्रो बैठक बुधबार सम्पन्न भएको छ ।

भर्चुअल माध्यमबाट सम्पन्न भएको बैठकले ऊर्जा व्यापार सहजीकरण गर्ने, 'ग्रिड कनेक्सन' सम्बन्धी गुरुयोजना तयार पार्ने र ऊर्जा व्यापार केन्द्र स्थापना गर्नेलगायतका विषयमा सहमति गर्दै १२ बुँदे संयुक्त वक्तव्य जारी गरेको छ ।

बैठक ग्रिड अन्तर सम्बन्ध कार्यान्वयन तथा आवश्यक कार्ययोजना तयार गर्नका लागि 'बिम्स्टेक ग्रिड इन्टरकनेक्सन कोअर्डिनेशन कमिटी' स्थापना गर्न सहमत भएको वक्तव्यमा उल्लेख छ। एसियाली विकास बैंकको सहयोगमा बिम्स्टेक ग्रिड पारस्परिक जडान समन्वय समितिसम्बन्धी गुरुयोजना बनाउन पनि बैठक सहमत भएको छ । त्यसैगरी ऊर्जा व्यापारका लागि नीति एवं ट्यारिफ प्रणाली विकास गर्न पनि बैठकले स्वीकार गरेको छ । बिम्स्टेक राष्ट्रहरुबीच ऊर्जाको व्यापार कसरी गर्ने भन्ने विषयमा सहकार्यको योजना बनाउन विशेषज्ञसहित समूह विकास गर्न समझदारी भएको छ ।

त्यसैगरी ऊर्जासम्बन्धी अनुसन्धानका लागि र सदस्य राष्ट्रहरूबीच अनुभव आदानप्रदान एवं सहकार्यलाई सबल बनाउन बिम्स्टेक ऊर्जा केन्द्र स्थापना गरिने भएको छ । त्यसका लागि गुरुयोजना र कार्ययोजना बनाउने, संरचना तयार गर्ने र सञ्चालनका लागि आवश्यक पर्ने कोष तयार गर्नेछ भन्ने वक्तव्यमा उल्लेख गरिएको छ।

बैठकको अध्यक्षता गर्दै ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री पम्फा भुसालले बिम्स्टेक मुलुकमा पर्याप्त प्राकृतिक स्रोत उपलब्ध भएको उल्लेख गर्दै विशेष गरेर स्वच्छ र नवीकरणीय प्राकृतिक स्रोतलाई ऊर्जाको रूपमा प्रयोग गर्नुपर्नेमा जोड दिइन् ।

ऊर्जा प्रवर्द्धनमा पर्याप्त आर्थिक लगानी गर्नुपर्नेमा जोड दिँदै उनले बिम्स्टेक क्षेत्रमा प्रविधि हस्तान्तरणलाई प्रवर्द्धन गर्दै जानुपर्ने बताइन् ।

दिगो र उपयुक्त विकासका लागि ऊर्जा, वातारण र अर्थतन्त्र महत्वपूर्ण क्षेत्र भएको बताउँदै मन्त्री भुसालले भनिन्, 'हामीले निरन्तर जीवास्म इन्धनको प्रयोग गरिरहेका छौँ । हाम्रो वातावरणमा तनाव सिर्जना गर्ने यो प्रवृत्तिलाई परिवर्तन गर्न जरुरी छ ।' उनले बिम्स्टेक राष्ट्रहरूमा आर्थिक सहकार्यलाई अझ थप विस्तार गर्दै लैजानुपर्नेमा जोड दिइन् ।

त्यसैगरी नेपालको तर्फबाट बैठकलाई सम्बोधन गर्दै ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव देवेन्द्र कार्कीले छिमेकी मुलुकसँग ऊर्जा सहकार्यमा प्रगति हुँदै गएको बताए। बिम्स्टेक राष्ट्रमा आपसी भरोसा, सहयोग र साझेदारीले सदस्य मुलुकहरूको विकास प्रयासलाई अनुकूल र स्तरोन्नति गर्न सहयोग पुग्ने विश्वास व्यक्त गरे ।

उनले सन् २०३० सम्ममा कूल ऊर्जा मागको १५ प्रतिशत स्वच्छ ऊर्जा स्रोतबाट आपूर्ति हुने र सन् २०४५ सम्ममा शून्य कार्बन उत्सर्जन गर्ने नीति लिएको जानकारी गराए ।

# ढुंगा–गिट्टी निकासी गर्ने कार्य रोक्न परमादेश

**काठमाडौं/मस–** सर्वोच्च अदालतको संवैधानिक इजलासले प्राकृतिक स्रोत दहन गरी ढुङ्गा-गिट्टी निकासी गर्ने कार्य रोक लगाउन सरकारका नाममा परमादेश गरेको छ ।



कायममुकाय प्रधानन्यायाधीश दीपककुमार कार्की, न्यायाधीशहरू ईश्वरप्रसाद खतिवडा, डा.आनन्दमोहन भट्टराई, अनिलकुमार सिन्हा र प्रकाशमान सिंह राउतको संवैधानिक इजलासले बुधबार उक्त परमादेश गरेको हो ।

परमादेशमा भनिएको छ, 'प्राकृतिक स्रोतको दोहन गरी गिट्टी, ढुङ्गा, बालुवा आदि निकासी गर्ने कार्य सम्बन्धमा संविधानको भावना र मर्म अनुकूल हुने गरी विधायिकाद्वारा निर्मित कानुनले अन्यथा व्यवस्था नगरेसम्म सो अनुसारको निकासी गर्ने गराउने कार्य नगर्नू/नगराउनू।' अदालतको आदेशसँगै सरकारले कानुन बनाएर मात्र ढुङ्गा-गिट्टी निकास गर्न पाउनेछ ।

अदालतले वातावरण संरक्षणको प्रभावकारी व्यवस्था मिलाउन र प्राकृतिक स्रोत साधनको प्रयोगका लागि नीतिगत पुनरावलोकन गर्नु तथा वातावरण संरक्षणको सन्दर्भमा प्रभावकारी संयन्त्र निर्माण गर्नसमेत भनेको छ। शैलेन्द्रप्रसाद अम्वेडकरसहितले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई विपक्षी बनाई रिट निवेदन दायर गरेका थिए । सोही निवेदनमा उक्त परमादेश भएको छ ।

# भ्रष्टाचारविरूद्धको कार्टुन प्रदर्शनी सम्पन्न

**काठमाडौं/मस–** भ्रष्टाचारविरूद्धको कार्टुन प्रदर्शनी सम्पन्न भएको छ । काठमाडौंको बबरमहलस्थित नेपाल आर्ट काउन्सिलमा कार्टुनिस्ट क्लब अफ नेपाल 'सिसिएन'ले आयोजना गरेको प्रदर्शनीमा ३६ कार्टुनिस्टका ५० वटा कार्टुन प्रदर्शनका लागि राखिएको थियो ।



गत आइतबारबाट शुरु भएको भ्रष्टाचारविरूद्धको कार्टुन प्रदर्शनीमा विभिन्न राष्ट्रिय दैनिकदेखि अन्य कलाकारहरूले समेत भ्रष्टाचारविरुद्ध आवाजलाई चित्र मार्फत प्रस्तुत गरेका थिए । स्थानीय तहको निर्वाचनपछि सातै प्रदेशमा प्रदर्शनी आयोजना हुने क्लबका अध्यक्ष वासु क्षितिजले जानकारी दिए ।

### स्थानीय तह निर्वाचन

# ७२ घण्टा अगाडि नेपाल–भारत सीमा बन्द

**राजेन्द्र महतो/मध्यान्ह**
सिरहा, ७ वैशाख

स्थानीय तह निर्वाचन हुनुभन्दा ७२ घण्टा अघिदेखि नेपाल-भारत सीमानाका बन्द गर्ने दुई देशका सुरक्षा अधिकारीबीचको संयुक्त बैठकले निर्णय गरेको छ ।

खुल्ला सीमा नाकाका कारण निर्वाचनको बेला सुरक्षा चुनौती बढ्न सक्ने भएकाले ७२ घण्टा अगाडिदेखि सीमानाका बन्द गर्ने निर्णय भएको जिल्ला प्रशासन कार्यालय सिरहाका प्रमुख जिल्ला अधिकारी लालबाबु कवारीले बताए।

बैठकमा सीमा वारपारको सम्बन्ध, दशगज्जाको अतिक्रमण, दशगज्जाको व्यवस्थापन, दुईपक्षको आन्तरिक सुरक्षा, तस्करी, लागूऔषध र मदिरा ओसारपोसार नियन्त्रण लगायतका बिषयमा पनि छलफल भएको उनले बताए ।



बैठकमा सीमा वारपारको सम्बन्ध, दशगज्जाको अतिक्रमण, दशगज्जाको व्यवस्थापन, दुईपक्षको आन्तरिक सुरक्षा, तस्करी, लागुऔषध र मदिरा ओसारपोसार नियन्त्रण लगायतका बिषयमा पनि छलफल भएको प्रमुख जिल्ला अधिकारी कवारीले बताए ।

बैठकमा सिरहाका प्रमुख जिल्ला अधिकारी लालबाबु कवारी, धनुषाका प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेल, सप्तरीका प्रमुख जिल्ला अधिकारी जनार्दन गौतम र महोत्तरीका प्रमुख जिल्ला अधिकारी बासुदेव दाहाल लगायत चारै जिल्लाका सुरक्षा निकायका प्रमुखहरुको सहभागिता रहेका थिए।

बैठकमा नेपालतर्फको नेतृत्व सिरहा प्रमुख जिल्ला अधिकारी कवारीले गरेका थिए भने भारततर्फको नेतृत्व मधुवनी जिल्लाका डिएम अमित कुमारले गरेका थिए ।

# निर्वाचन आचारसंहितापालना गर्ने प्रतिबद्धता

**प्रकाश अधिकारी/मध्यान्ह**
तनहुँ, ७ वैशाख

स्थानीय तह निर्वाचनका लागि आचारसंहितापालना गर्ने तनहुँका राजनीतिक दलले प्रतिबद्धता जनाएका छन् । जिल्ला आचारसंहिता अनुगमन समिति तनहुँले बुधबार आयोजना गरेको निर्वाचन आचारसंहिता कार्यान्वयन र परिपालनामा सरोकारवालाको भूमिका र प्रतिबद्धता विषयक अन्तर्क्रियामा राजनीतिक दलका प्रतिनिधिले आचारसंहितापालना गर्ने प्रतिबद्धता जनाएका हुन् ।

तनहुँका प्रमुख निर्वाचन अधिकृत एवं जिल्ला न्यायाधीश हरिशचन्द्र ढुङ्गानाले स्वतन्त्र, निष्पक्ष र भयरहित निर्वाचनका लागि प्रतिबद्ध रहेको बताए ।

निर्वाचनलाई निष्पक्ष बनाउन सबै पक्षबाट आचारसंहिताको पालनामा सहयोगको अपेक्षा गरिएको ढुङ्गानाले बताए । निर्वाचनलाई व्यवस्थित बनाउन सबै पक्षको सहयोग आवश्यक हुने उनको भनाइ थियो ।

प्रमुख जिल्ला अधिकारी विश्वप्रकाश अर्यालले निर्वाचनलाई भयरहित बनाउन सुरक्षा योजना बनाइएको बताउँदै सुरक्षा अवस्थालाई मजबुद बनाइने बताए । निर्वाचनपूर्व, निर्वाचनको दिन र निर्वाचनपछिको सुरक्षा व्यवस्थालाई प्रभावकारी बनाउन कार्ययोजना बनाइएको प्रजिअ अर्यालले बताए ।

जिल्ला निर्वाचन अधिकारी हरिप्रसाद ढकालले निर्वाचनको तयारीका लागि कार्यालयले आवश्यक काम गरिरहेको जानकारी दिए । जनशक्ति आँकलन तथा परिचालन गर्ने, कर्मचारीको विवरण संकलन गर्ने काम भइरहेको भन्दै उनले निर्वाचन सामग्रीको व्यवस्थापनको काम सञ्चालन गरिएको बताए ।

आचारसंहितापालना अनुगमनका लागि जिल्लास्तरमा प्रमुख निर्वाचन अधिकृतको संयोजकत्वमा समिति गठन गरिएको छ । उक्त समितिको सदस्यमा प्रमुख जिल्ला अधिकी, निर्वाचन अधिकृत, प्रहरी उपरीक्षक छन् भने सदस्य सचिवमा निर्वाचन अधिकारी रहने व्यवस्था छ । कार्यक्रममा (नेकपा एमाले)का सचिव राजेश्वर ढकाल, (नेकपा माओवादी) केन्द्रका संयोजक राजेन्द्रकेशरी न्यौपाने, नेपाली कांग्रेसका सदस्य हुतमणि अधिकारी, विवेकशील साझाका रमेशप्रसाद आचार्य लगायतले निर्वाचन आचारसंहितापालनाका लागि प्रतिबद्ध रहेको बताए ।

# कीर्ते कागजात पेस गरेर अनलाइन मिडिया दर्ता

खोटाङ/मस- कीर्ते कागजात बनाएर अनलाइन मिडिया दर्ता गरेर सञ्चालन गर्ने हलेसी तुवाचुङ नगरपालिका-७ महादेवस्थानका ३६ वर्षीय मनोजकुमार गिरीलाई जिल्ला प्रहरी कार्यालय खोटाङले पक्राउ गरेर मुद्दा चलाएको छ ।



अरूको शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपिमा आफ्नो नाम, ठेगाना र तस्बिर टाँसेर कीर्ते प्रमाणपत्र तयार पारी सूचना तथा प्रसारण विभागमा हलेसीपाटी डटकम नामक अनलाइन मिडिया दर्ता गरेर सञ्चालन गरेको खुलासा भएपछि प्रहरीमा परेको उजुरीका आधारमा गिरीलाई प्रहरीले पक्राउ गरेर लिखतसम्बन्धी कसुरमा मुद्दा चलाएको हो ।

अनलाइन मिडिया दर्ता गर्ने क्रममा गिरीले ब्रिलियन्ट बहुमुखी क्याम्पस चावहिल, काठमाडौँमा व्यवस्थापन विषयमा स्नातक तह उत्तीर्ण गरेको नक्कली प्रमाणपत्र सूचना तथा प्रसारण विभागमा पेस गरेको खुलासा भएको छ । साबिकको महादेवीस्थान गाविस-४ हाल हलेसी तुवाचुङ नगरपालिका-७ का कुभेशचन्द्र गिरीले लिएको शैक्षिक योग्यताको प्रमाणपत्र र मनोजले सूचना तथा प्रसारण विभागमा पेस गरेको शैक्षिक योग्यताको प्रमाणपत्रको रजिष्ट्रेशन नम्बरलगायत सबै मिलेको पाइएको छ ।

अर्काका नामको शैक्षिक योग्यताको चारित्रिक प्रमाणपत्र र लब्धाङ्कपत्रको प्रतिलिपिमा आफ्नो नाम, ठेगाना समावेश गरी सरकारी छाप र दस्तखतसमेत कीर्ते गरेर पेस गरेको कागजातका आधारमा अनलाइन दर्ता गरेर सञ्चालन गरेको भन्दै प्रहरीमा उजुरी परेको थियो । आवश्यक प्रमाणसहित स्थानीय एक व्यक्तिले प्रहरीमा दिएको उजुरीका आधारमा उनलाई आइतबार पक्राउ गरी मंगलबार जिल्ला ल्याइएको सूचना अधिकारी साहले विज्ञप्तिमार्फत जानकारी दिएका छन् ।

जिल्ला प्रहरी कार्यालय खोटाङमा उजुरी परेपछि जिल्लाबाट खटिएको प्रहरी टोलीले प्रतिवादी गिरीलाई काठमाडौं महानगरपालिका-३२ पेप्सीकोलाबाट पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय खोटाङका सूचना अधिकारी प्रहरी निरीक्षक सागर साहले जानकारी दिएका छन् ।

गिरीलाई जिल्ला अदालतबाट लिखतसम्बन्धी कसुरमा मंगलबार पाँच दिनको म्याद थप गरेर अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

सूचना तथा प्रसारण विभागमा विसं २०७६ असोज-५ गते दर्ता भएको सो अनलाइन मिडियाको दर्ता प्रमाणपत्र नं १५६५-२०७६-०७७ रहेको छ । गिरीमाथि अनलाइन सञ्चारमाध्यममार्फत विभिन्न व्यक्तिको चरित्र हत्या गर्ने, नियोजित र प्रायोजित समाचार लेख्ने गरेको लगायतका आरोप लागेको छ ।

गिरीले अनलाइन मिडिया दर्ताका लागि सूचना तथा प्रसारण विभागमा पेस गरेको प्रमाणपत्रमा एसएलसी विसं २०६० मा, आइए विसं २०६३ मा र बिए २०६५ मा उत्तीर्ण गरेको भेटिएको छ । विसं २०६५ मा बिए तीनवर्षे थियो ।

# बन्न सकेन किसान समुदायको संग्रहालय

**झापा/मस–** राजनीतिप्रति खासै चासो नराख्ने किसान जाति चुनाव नजिकिँदै जाँदा चनाखो हुँदै आफ्नो माग राख्न सक्ने भएका छन् । मुलुकमै झापाको मेचीनगर नगरपालिका क्षेत्रमा मात्र छरिएर रहेको उक्त समुदायले यही वैशाख ३० गते हुने स्थानीय तहको चुनावमा भोट माग्न आउने दलहरूलाई आफ्नो माग पूरा गर्ने शर्तमा मात्र मतदान गर्ने सामूहिक धारणा बनाएका छन् । विगतमा गाउँमा बाटो बनाइदिने, किसान जातिको पहिचानलाई जीवित राख्न संग्रहालय बनाइदिने, रोजगारी दिने शर्तमा भोट पाएका जनप्रतिनिधि एकपटक पनि उनीहरुको अवस्था बुझ्न गाउँ नआएपछि यसपटक समुदायका अगुवाहरू बसेर यस्तो धारणा बनाएका हुन् । स्थानीय जोगी किसानले भने, 'हाम्रो सङ्ग्रालय जसले बनाइदिन्छ उसलाई मात्र भोट दिन्छौँ।' किसान समुदायले मेचीनगर नगरपालिका-९ स्थित मागुरमाडीमा जातीय पहिचान, संस्कार र संस्कृतिको जगेर्ना गर्ने उद्देश्यले संग्रहालय बनाउन सुरु गरेको छ । बजेट अभावमा भने सो काम अधुरै छ । विसं २०६० मा किसान समुदाय सङ्गठित भएर 'किसान समुदाय विकास प्रतिष्ठान'को स्थापना गरेका थिए । सङ्ग्रालय बनाउने सोचका साथ स्थापना गरेको प्रतिष्ठानलाई कहीँकतैबाट पनि सहयोग नभएपछि गत वर्ष आफ्नै समुदायबाट रकम संकलन गरेर उनीहरुले प्रतिष्ठानका लागि एक कट्ठा जग्गा खरिद गरी भवन बनाउन सुरु गरेका हुन् ।

## नेता...

गठबन्धनले जारी गरेको मापदण्ड, सहमतिको मर्म र भावनाअनुरुप सम्बन्धित समितिहरुको बैठक बसी अविलम्ब सिट बाँडफाँट तथा उम्मेदवारहरुको चयन गर्न पनि निर्देशन दिइएको छ। सहमति बन्न नसकेको अवस्थामा पाँच दलीय गठबन्धन भित्रै मित्रवत प्रतिस्पर्धा गर्न सकिने समझदारी भएको छ।

कार्यकर्ता असन्तुष्ट

सत्तागठबन्धनका शीर्षस्थ नेताहरुले चुनावी तालमेल गरेर जाने सहमति गरे पनि स्थानीय स्तरमा भने असन्तुष्टि देखा परेको छ । खासगरी कांग्रेसका स्थानीय स्तरमा नेता/कार्यकर्तामा असन्तुष्टि देखा परेको छ ।

कांग्रेसका नेताकार्यकर्ताले पार्टी छाड्ने, विद्रोह गर्ने, स्वतन्त्र उठ्ने लगायतका चेतावनी दिन थालेका छन् । माओवादी केन्द्रले पाएको भरतपुर ममहानगर र नेकपा एकीकृत समाजवादीले पाएको पोखरा महानगरका विषयमा जिल्लाका नेताहरुको असन्तुष्टि चुलिएको छ भने विभिन्न उपमहानगरपालिकामा पनि एक्लै लड्नुपर्नेमा कांग्रेस कार्यकर्ताको जोड देखिन्छ ।

तर, शीर्ष नेताहरु कार्यकर्तालाई निर्णय मानेर जान भनिरहेका छन्। गृहमन्त्री एवं नेपाली कांग्रेसका नेता वालकृष्ण खाँडले गठबन्धनको निर्णयविरुद्ध लाग्ने जोकोहीलाई कारवाही हुने चेतावनी नै दिएका छन् । 'गठबन्धनको निर्णयविरुद्ध लाग्नेहरूलाई पार्टीले कारबाही गर्छ, तसर्थ पार्टी केन्द्रको निर्णय अनुसार नै चुनावमा खटिनुस्, नेपाली कांग्रेसको विजय सुनिश्चित छ,' मन्त्री खाँडले भनेका छन् ।

## गठबन्धनप्रति...

कांग्रेसले नगरेको मात्रै बताएनन्, कांग्रेसले अन्य पार्टीको चुनाव चिह्नमा भोट हाल्नुपर्ने भयो भन्दै असन्तुष्टि व्यक्त गरे । ३६ लाख मतदाता बढेको भन्दै उनले पार्टी नेतृत्वले सही निर्णय नलिएको भनी आलोचना गरे ।

## तत्काल..

व्यवसायी एशोसिएसनको एघारौं साधारणसभामा प्रमुख अतिथि शर्माले रोजगारी र अन्य अवसर हरूको खोजीमा एक ठाउँबाट अर्को ठाउँ वा कम विकसित मुलुकबाट विकसित मुलुकमा जाने क्रम वर्तमान विश्वमा सामान्य र स्वभाविक बनेको बताए । महामन्त्री शर्माले यस क्षेत्रमा रहेका कमीकमजोरी सुधार गरेर अघि जानुको विकल्प नरहेको बताए ।

२०४६ सालको परिवर्तनपछि एकथरीले भर्खर किशोर अवस्था पार गरेका युवायुवतीलाई राज्यसत्ता जित्ने नाममा बन्दुक थमाएपछि नेपाली काँग्रेसले उनीहरूलाई हिंसाबाट जोगाउन विदेश पठाउन पासपोर्ट थमाएको र त्यसरी पासपोर्ट थमाउनु त्यस समयको बाध्यता रहेको बताए ।

वैदेशिक रोजगारबाट प्राप्त रेमिट्यान्स नेपालको विकासमा महत्वपूर्ण भुमिका रहेको उल्लेख गर्दै महामन्त्री शर्माले नेपालमा हिंसाको दश वर्षे कालखण्ड, महाविनाशकारी भुकम्प, नाकाबन्दीलाई रेमिटान्सले टेवा दिएर देशको प्राण भरेको बताए।

जलविद्युतको व्यापक उत्पादन गरेर स्वदेशमा रोजगारी र निर्यातको माध्यमबाट देशको अर्थतन्त्रलाई आत्मनिर्भरता तर्फ लैजानुपर्ने पनि उनले बताए ।

एशोसिएसन अध्यक्ष नरेन्द्रप्रसाद ढकालको सभापतित्वमा सम्पन्न साधारणसभाले उद्घाटन सत्रलाई नेपाली कांग्रेसका सहमहामन्त्री भिष्मराज आङदम्बे, केन्द्रीय सदस्य सुरेन्द्रराज पाण्डे ,केन्द्रीय सदस्य अब्दुल सत्तार, संस्थापक अध्यक्ष तिलकबहादुर रानाभाट , नेपाल वैदेशिक रोजगार व्यवसायी संघका संयोजक बिमलप्रसाद ढकाल, प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालका अध्यक्ष राजेन्द्र भण्डारी लगायतले सफलताको शुभकामना दिए । संघका संयोजक ढकालले स्थानीय तहको निर्वाचन लगत्तै संघको साधारणसभा गर्ने तयारी भइरहेको बताए ।

## लोकतान्त्रिक...

अध्यक्षको उम्मेद्वार घोषणा गरेका ऋषि शर्माले भने उम्मेदवारी दर्ता गराएनन्। कार्यसमितिको १९ पदका लागि ३ दर्जन भन्दा बढी उम्मेदवार चुनावी मैदानमा छन् । यो समाचार तयार पार्दासम्म मतदान सकिएर मत गणना शुरू भएको छ ।

## २१ नेपालीले...

चोरीजन्य क्रियाकलापमा संलग्न आरोपित एघार, मादक पदार्थ बिक्री वितरणमा संलग्न भएको आरोप लागेका दुई र आर्थिक हिनामिनाको आरोपित पाँच जना कसुरदार ठहरी सजाय भोगिरहेका थिए ।

आममाफी पाएका नेपाली नागरिकहरूको नेपाल फिर्ती सहज बनाउन कतार सरकारका सम्बन्धित निकायहरूसँग आवश्यक समन्वय तथा सहजीकरण भइरहेको दूतावासले जनाएको छ ।

**Government of Nepal**
**Ministry of Agriculture and Livestock Development**
**Nepal Livestock Sector Innovation Project**
**Decentralized Level Project Support Unit**
**Pokhara, Kaski**

**Re -Invitation for Sealed Quotation for the Procurement of (1) Medicine for Mastitis Control & Herd Health (2)forage seeds for community pasture development**

**Date of publication: 21 April, 2022**

1. The Nepal Livestock Sector Innovation Project DLSU Pokhara reinvites sealed quotations from registered Suppliers for the procurement, supply and delivery of the goods given in following table

| S.N. | Contract ID | Description | Bid Security Amount NRS |
|---|---|---|---|
| 1 | DLSU PKR-RFQ 0 1 | Procurement of Medicine for Mastitis Control and Herd Health | 50,000 (In words: Fifty Thousands Only) |
| 2 | DLSU PKR-RFQ 0 3 | Procurement of Forage Seeds for Community Pasture Development | 40,000 (In words: Forty Thousands Only) |

2. A complete separate sets of Bidding Documents may be purchased from the office Nepal Livestock Sector Innovation Project, Decentralized Level Project Support Unit, Pokhara Kaski., by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of NRs. 1000.00 for each till 05 May, 2022 during office hours. Sealed bids must be submitted to the office of Nepal Livestock Sector Innovation Project DLSU Pokhara by hand on or before 12.00 hrs of 06 May, 2022. Bids received after this deadline will be rejected.The bids opened in the presence of Bidders' representatives who choose to attend at 12.30 hrs 06,May 2022 at the office of Nepal Livestock Sector Innovation Project, DLSU, Pokhara. Bids must be valid for a period of 75 days after bid opening and must be accompanied by a given bid security amount in the table given above ,which shall be valid for 30 days beyond the validity period of the bid. If bidder wishes to submit the cash security, the cash should be deposited in Account No: 3020100102030000, RB Bank, Prithvichowk, Pokhara, and submit the receipt of the deposited amount of cash along with the sealed Quotation.
3. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
4. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.

**Chief,**
**Nepal Livestock Sector Innovation Project**
**Decentrilized Project Support Unit Pokhara, Kaski, Nepal**
**Phone: +977-061-527120,061-535187**
**Email: dlsupokhara@gmail.com**

# एक चिकित्सकको भरमा रामपुर अस्पताल !

**सुशीला रेग्मी/मध्यान्ह**
पाल्पा, ७ वैशाख



पाल्पाको रामपुर अस्पतालमा पछिल्लो केहि दिनयता बिरामीको चाप बढ्न थालेको छ । गर्मीयामसँगै बिरामीको चाप बढेको अस्पतालले जनाएको छ । तर उक्त पचास शैय्याको अस्पताल एक चिकित्सकको भरमा चलिरहेको छ भन्दा पत्यार नलाग्न पनि सक्छ ।

यतिबेला जनशक्ति अभावमा एक चिकित्सकको भरमा अस्पतालले सेवा दिइरहेको छ । यहाँ कार्यरत छ जना मेडिकल अधिकृत तहका चिकित्सकले एकै पटक अस्पतालको सेवाको जिम्मेवारी छाडेर अन्यत्र गएपछि निमित्त मेडिकल सुपरिण्टेडेण्ट डा. विजय परियारको भरमा उपचार सेवा चलिरहेको छ ।

'जनशक्ति अभावमा म एक्लै २४ सैं घण्टा बिरामीको सेवामा खटिनु परेको छ, बिरामीको चाप बढ्दो छ, गर्मी समय भएकाले ज्वरो, झाडापखाला, श्वासप्रशास, दुर्घटना, गर्भवति महिला, फिजियोथेरापी लगायतका बिरामी बढी आउने गरेका छन्, दिनरात नभनिकन सेवामा तल्लिन छु' डा. परियारले भने ।

एक हप्ताको अवधीमा मात्रै १५ जना झाडापखालाकै बिरामीलाई भर्ना गरेर राख्नु परेको छ । अस्पतालमा कार्यरत स्थायी दरबन्दीका मेडिकल अधिकृतहरु डा. कपिल खनाल, डा. कुशल खनाल, डा. विकास शर्माले अध्ययन विदा देखाउँदै वैशाख १ गते देखि लागू हुने गरी पत्र बुझाएको अस्पतालले जनाएको छ ।

डाक्टर परियार भन्छन् 'अस्पतालमा गत चैत २९ गते तीन स्थायी दरबन्दीका चिकित्सकले अध्ययन विदा पत्र र तीन जना करार सेवाका डाक्टरको राजिनामा पत्र आएको छ, तर प्रशासनले भने स्थायी सेवाका डाक्टरलाई स्वीकृत गरेको छैन, सो पत्र माथिल्लो निकायमा पठाइएको छ, अहिलेसम्म सम्बन्धित निकायको राजिनामा स्वीकृती पत्र हामीलाई पनि प्राप्त भएको छैन, एकै पटक स्थायी दरबन्दीमा कार्यरत डाक्टरको राजिनामाले अस्पतालको सेवा प्रवाहमा समस्या पारेको छ' ।

करारमा कार्यरत तीन जना मेडिकल अधिकृतहरु डा. साकार ढकाल, मोहम्मद सर्फराज आलम र डा. आयुष पौडेल राजिनमा पत्र बुझाएर वैशाख १ गते देखि अनुपस्थित छन् । हाल अस्पतालमा ३०० बढी बिरामी उपचारमा आउने गरेका छन् भने आकस्मिक सेवामा ५० भन्दा बढी नै छन् । एक डाक्टरले बिरामीको उपचारमा खटिनु पर्दा प्रशासनिक काममा समय दिन नपाएको डा. परियार बताउछन् ।

रामपुर अस्पताल चार जिल्लाका नागरिकले स्वास्थ्योपचार सेवा लिने थलो हो । कालिगण्डकीवेशीका पाल्पा, स्याङ्जा, तनहुँ र सुस्ता पूर्व नवलपरासी (नवलपुर) का नागरिकले यस अस्पतालबाट सेवा लिदै आएका छन् । तर जनशक्ति अभावमा एक चिकित्सकले मात्रै २४ सैं घण्टा सेवा दिनुपर्ने बाध्यता छ ।

जनशक्ति अभाव रहेपनि यहाँ रहेका स्वास्थ्यकर्मीहरु २४ सैं घण्टा बिरामीको सेवामा तल्लिन छन् । अस्पतालमा भर्ना भएर बस्दा राम्रो स्वाथ्योपचार सेवा पाएको रामपुर नगरपालिका बाङ्गेपसल बस्ने ७४ वर्षीय कृष्णमाया श्रेष्ठ बताउछिन् ।

'अस्पतालमा काम गर्ने डाक्टरले छोडेर गए भन्ने सुनेको छु, तर पनि यहाँ खट्नुभएका डाक्टरले रातदिन सेवा दिइरहनुभएको छ, श्वासप्रश्वास सम्बन्धी समस्या भएर भर्ना भएर बसेको छु, जनशक्ति नहुदा पनि हामीले अहिलेसम्म सेवा राम्रै पाइएको छ' उनले भने ।

तत्कालका लागि चार जना मेडिकल अधिकृत तहका चिकित्सकको व्यवस्थापन भएमा यहाँबाट दिने सेवा दुःखले भएपनि यथावत दिन सकिनेछ । निर्वाचन आचारसंहिता लागू भइसकेको हुँदा पनि मुख्यमन्त्री कार्यालयबाट सहमती नभइकन कर्मचारी व्यवस्थापन गर्न समस्या छ ।

कर्मचारी व्यवस्थापनका लागि प्रदेश सरकार, मन्त्रालय, निर्वाचन आयोग, जिल्ला प्रशासन कार्यालय पाल्पामा पत्राचार गरिसकिएको र अहिलेसम्म वैकल्पिक व्यवस्थापनको विषयमा कुनै जानकारी नआएको अस्पताल विकास समिति अध्यक्ष रामप्रसाद ढकाल बताछन् ।

उनी भन्छन् 'करारमा कर्मचारी नियुक्ति गरेर भएपनि जनतालाई सेवा दिनुपर्छ भनेर हामी लागि परिरहेका छौं, निर्वाचन आचारसंहित लागू भइसकेकाले बाधा पुर्‍याउँछ कि भन्ने छ, स्वास्थ्य जस्तो संवेदनशिल क्षेत्रमा सम्बन्धित निकायले वैकल्पिक व्यवस्थापनको लागि विशेष ध्यान दिनुपर्नेछ' ।

सरकारले चिकित्सकलाई अध्ययन विदा दिदै गर्दा उसले कार्यरत संस्थामा वैकल्पिक व्यवस्था नगरिकन विदामा बस्ने परिपाटीले नागरिकले सास्ती खेप्नु परिरहेको छ । यस्ता उदाहरणहरु दुर्गमका धेरै स्वास्थ्य संस्थामा भेटिन्छन् ।

स्थायी दरबन्दीमा कार्यरत कर्मचारीले आफूले पाउने अध्ययन विदा आवश्यक परेपनि सम्बन्धित निकायले स्वीकृत बिना संस्थालाई बाधा पर्ने गरी विदामा बस्न पाइदैन । स्थायी जागिरे भएको दुई वर्षको समयावधि पश्चात् दुर्गम क्षेत्रका स्वास्थ्य संस्थामा कार्यरत चिकित्सकले अध्ययन विदा पाउने व्यवस्था छ । त्यसकारण पनि यहाँको अस्पतालमा दुई वर्ष कार्यरत पश्चात् माथिल्लो तहको अध्ययनका लागि भन्दै चिकित्सकहरु अध्ययन विदामा जाने गरेका छन् ।

यस अस्पतालमा हाल नौ जना स्थायी सहित जम्मा ७० जना कर्मचारी कार्यरत छन् । स्थायी अन्तर्गत प्रशासनिक क्षेत्रमा प्रमुख एक जना, सहायक एक, चार जना मेडिकल अधिकृत, एक नर्सिङ कर्मचारी, लेखापाल एक, मेडिकल अधिकृत रेकर्डस् एक जना कर्मचारी छन् । बाँकी कर्मचारी करार प्रकृतिका छन् ।

मेडिकल सुपरिण्टेडेण्ट डाक्टर बिनेश झा बिगत दुई वर्षदेखि अस्पताल मातहत तलव सुबिधा लिने गरी अध्ययन विदामा छन् । अस्पतालमा आउने चिकित्सक अध्ययन विदा देखाउँदै जाने गरेका छन् । यो समस्या नागरिकले वर्षौदेखि खेप्दै आइरहेका छन् ।

जनशक्ति अभावकै कारण शल्यक्रिया मार्फत प्रसुती सेवा पनि ठप्प छ । शल्यक्रियाका लागि सम्पूर्ण उपकरण भएपनि प्रयोगमा ल्याउन सकिएको छैन । पाउने सेवा उपलब्ध नहुदा सदरमुकाम तानसेन, पोखरा, बुटवल लगायतका विभिन्न बजारका अस्पतालमा बिरामी जानुपर्ने समस्या छ ।

अस्पतालमा नौ जना बिशेषज्ञ डाक्टरको दरबन्दी छ । प्रसुती, बच्चाबच्चीको उपचार सेवा, रेडियोलोजिष्ट (एक्सरे), जनरल फिजिसियन, एनसथेसियालोजिष्ट (अप्रेसन गर्दा बेहोस बनाउने), कन्सल्टटेन अर्थोसर्जन, कन्सल्टटेन सर्जन, कन्सल्टटेन साइक्याट्रिक्स (दिमाग सम्बन्धी) जस्ता बिशेषज्ञ सेवा तोकिएको छ । तर दरबन्दी अनुसारका डाक्टरको अभावमा बिशेषज्ञ सेवा दिन सकिएको छैन ।

अस्पतालमा एघारौं तह (एक जना प्रमुख मेडिकल सुपरीटेण्डेन) डाक्टरको दरबन्दी छ। पचास शैयाको सरकारी अस्पताल नामाकरण भएपनि पन्ध्र शैयाकै भवनबाट सेवा प्रवाह भइरहेको छ । गाउँमै दरबन्दी भएर पनि सेवा सुबिधा नपाउँदा पटक पटक अन्यत्र धेरै धनराशी खर्चिएर उपचार गर्न जानुपर्ने समस्या बिद्यमान नै छ ।

पचास शैयाकै भवनबाट अस्पताल सञ्चालन भएपछि नागरिकलाई एक त सेवा लिन सजिलो पर्नेछ भने अर्कोतर्फ आर्थिक भार पनि पर्ने थिएन । रामपुर नगरपालिका क्षेत्रमा सुविधा सम्पन्न भवन निर्माण सम्पन्न भएपछि नागरिकले औषधी उपचारमा राम्रो सुविधा उपभोग गर्न पाउनेछन् ।

औषधी उपचारका निम्ति विभिन्न शहरमा धाउने नागरिकले अस्पताल बनेपछि गाउँमै धेरै सेवा सुबिधा पाउने अपेक्षा पनि लिएका छन् । विसं २०५२ मा प्राथमिक स्वास्थ्य केन्द्रका रुपमा स्थापना भई रामपुरमा स्वास्थ्य उपचार सेवा सञ्चालनमा ल्याइएको हो । सेवाको क्षेत्रलाई विस्तार गरी ०६७ मा पन्ध्र शैयामा स्तरोन्नति भई सेवा दिदै आएको यस अस्पताल ०७२ मा पचास शैयाका रुपमा स्तरोन्नति भई हाल अस्पतालका रुपमा सञ्चालन हुदै आएको छ ।

नेपाल सरकारको रु २२ करोड २२ लाख पाँच हजार ३८३ को अनुमानित लागतमा टेन्डर आह्वान भएकोमा रबिना कन्स्ट्रक्सन प्रालि काठमाडौंसँग करिव रु साढे १८ करोडको लागतमा सम्झौता भई सो भवन निर्माण भइरहेको छ ।

आर्थिक वर्ष ०७२/०७३ को पुसबाट निर्माण कार्य सुरु गरिएको भवन निर्माणको कार्य अन्तिम चरणमा पुगेको छ । विसं २०७५/०७/१६ गते नयाँ भवन निर्माणको काम सम्पन्न गर्ने अन्तिम मिति रहेपनि समयमा नै निर्माणको कार्य सम्पन्न हुन नसकेपछि पटक पटक म्याद थप गरी निर्माण कार्य अघि बढाइएको छ । भवन अभाव पनि स्वास्थ्य सेवाको बाधक बनेको छ ।

# ई-रिक्सा चालकलाई ट्राफिक नियमबारे प्रशिक्षण

**गणेश रावत/मध्यान्ह**
कोहलपुर, ७ वैशाख




बाँकेमा पछिल्लो समय सवारी दुर्घटनाको संख्या बढ्दै गएको छ ।

बढ्दो सवारी दुर्घटना न्यूनीकरणका लागि ई-रिक्सा चालकलाई ट्राफिक नियमबारे प्रशिक्षण दिन थालिएको छ ।

चालकलाई ट्राफिक नियम, दुर्घटना हुने कारण, सडक लेन अनुशासन, ई-रिक्सा चलाउँदा चालकले ध्यान दिनुपर्ने कुरा र सवारीको अवस्थाका बारेमा प्रशिक्षण दिइएको जिल्ला ट्राफिक प्रहरी कार्यालय बाँकेका ईन्चार्ज ट्राफिक प्रहरी निरीक्षक हिमालय शाहले बताए । उनले भने, 'जिल्लामा सञ्चालनमा रहेका ई-रिक्साका चालकलाई ट्राफिक नियमबारे जानकारी दिने हाम्रो उद्देश्य हो ।' यो प्रशिक्षण कार्यक्रम एक महिनासम्म चल्ने उनको भनाइ छ ।

कार्यक्रममा नेपालगन्जमा सञ्चालन भइरहेको जिल्ला ट्राफिक कार्यालय बाँके कोहलपुरले जनाएको छ । ट्राफिक नियमबारे जानकारी पाउँदा चालकहरु पनि प्रशिक्षणबाट खुसी भएका छन् । ट्राफिक नियमको पालना गर्ने चालकहरुले प्रतिबद्धता समेत उनले गरे । अहिलेसम्म जिल्लाका पाँच सय बढी ई-रिक्सा चालकलाई प्रशिक्षण दिइसकिएको नेपाल ई-रिक्सा व्यवस्थापन प्रालि बाँकेले जनाएको छ । नेपाल ई-रिक्सा व्यवस्थापन प्रालिका अध्यक्ष कुमारसिंह ठकुरी ई-रिक्सा चालकले ट्राफिक नियम, लेन अनुशासन र दुर्घटना हुने कारणबारे ज्ञान हासिल गरेको उनले बताए । सबै ई-रिक्सा चालकलाई प्रशिक्षण दिन सकिए दुर्घटना केही भएपनि कमी आउने ट्राफिक प्रहरी शाहको भनाइ छ । ई-रिक्सा व्यवस्थापन प्रालि बाँकेको समन्वयमा ट्राफिक बाँकेले चालकहरुलाई प्रशिक्षण दिन शुरु गरेको जिल्ला ट्राफिक प्रहरी कार्यालय बाँकेका इन्चार्ज ट्राफिक प्रहरी निरीक्षक हिमालय शाहले मध्यान्हलाई जानकारी दिए ।

# होटलको छतबाट लडेर पर्यटकको मृत्यु



**काठमाडौं/मस-** काठमाडौं महानगरपालिका-१६ सोह्रखुट्टे उकालोस्थित मनाङ होटलको सातौं तलाको छतबाट लडेर एक पर्यटकको मृत्यु भएको छ ।

मृत्यु हुनेमा आयरल्याण्डका नागरिक राहदानी नम्बर पीएच ४९०५२३१ वाहक ३२ वर्षीय एलान फिलिप्स एमसी रहेको प्रहरी प्रधान कार्यालयले जनाएको छ ।

घटनाको अनुसन्धान तथा सोधपुछका लागि उनकै साथी ब्रिटेन नागरिकलाई प्रहरीले नियन्त्रणमा लिएको जानकारी दिएको छ । उक्त घटनाका सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको जनाएको छ ।


## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७९/०१/०८**

**हा हा क्यास प्रा.लि.**को मिति २०७८/१०/२३ गते सम्पन्न विशेष साधारण सभाको बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **हा हा मिडिया हाउस प्रा.लि. (प्रा.लि. नं.: २०५९२९)** कायम गर्ने गरी मिति २०७८/११/०६ गतेको निर्णय अनुसार श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबै को जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०७९/०१/०८**

**ट्रेड लिङ्क टेक्निकल ट्रेडिङ इन्स्टिच्युट प्रा.लि.** को मिति २०७८/०९/३० गते बसेको विशेष साधारण सभाको विशेष प्रस्तावद्वारा पारित बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **ट्रेड लिङ्क नेपाल (प्रा. लि. नं.: ९२१९)**, कायम गर्ने गरी मिति २०७८/१०/११ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मितिः २०७९/०१/०८**

श्री कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरको मिती २०७८/०५/०१ को निर्णयानुसार यस **ओम बि.के. ट्रेडर्स प्रा.लि.** कम्पनी को नाम परिवर्तन गरी उक्त कम्पनीको ऋण, धन, दायित्व आदि परिवर्तित कम्पनी **ओम बि.के. कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. (Om B.K. Construction and Suppliers Pvt. Ltd.)** ले सकार्ने ब्यहोर्ने गरी नाम परिवर्तन गर्ने सम्बन्धमा स्वीकृति प्राप्त भएको हुँदा सोही ब्यहोरा सर्बसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**ओम बि.के. कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.**
**(Om B.K. Construction and Suppliers Pvt. Ltd.)**
**(प्रा.लि.नं.: १७८७३०/०७४/०७५)**
**काठमाण्डौं जिल्ला, तारकेश्वर न.पा. वडा नं. ११**

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

## हकदावी सम्बन्धी सूचना

**प्रकाशित मितिः २०७९/०१/०८**

यस कार्यालयमा मिति २०७५/०४/०२ मा दर्ता भएको **प्रा.लि. नं. (१९३३११)**को **मोबाईल उपचार केन्द्र प्रा.लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मितिः २०७९/०१/०८**

श्री कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरको मिती २०७५/०१/३१ को निर्णयानुसार यस गुरुकुल एकेडेमी मोरङ्ग प्रा.लि. (प्रा.लि.नं. १३५२७९/०७१/०७२) कम्पनी को नाम परिवर्तन गरी उक्त कम्पनीको ऋण, धन, दायित्व आदि परिवर्तित कम्पनी गुरुकुल पाठशाला मोरङ्ग प्रा.लि. (Gurukul Pathshala Morang Pvt. Ltd.) ले सकार्ने ब्यहोर्ने गरी नाम परिवर्तन गर्ने सम्बन्धमा स्वीकृति प्राप्त भएको हुँदा सोही ब्यहोरा सर्बसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**गुरुकुल पाठशाला मोरङ्ग प्रा.लि.**
**(Gurukul Pathshala Morang Pvt. Ltd.)**
**(प्रा.लि.नं.: १३५२७९/०७१/०७२)**
**मोरङ्ग जिल्ला, वेलवारी न.पा. वडा नं. ३**

## Cyprus मा बैदेशिक रोजगारको अवसर
पून:विज्ञापन

१.कम्पनी:-Medeon International Placement Agency Ltd., Larnaca, Cyprus

पूर्व स्वीकृती मिति २०७८।११।१८ चलानी नं. ६०१७५३१५ LT.No. 258889

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने.रु | हप्तामा कामगर्ने दिन | प्रतिदिन कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Domestic Workers | - | 10 | [illegible] | 314 | ४१,५३०।- | ६ दिन | ८ घण्टा | का.नि. अनुसार | | छ | | २ वर्ष |
| 2. | Labour | 08 | - | | 455 | ६०,१८०।- | | | | | | | |

अन्तर्वार्ता २०७९ बैशाख १५ गते (28 April, 2022) मेनपावर कार्यालय बालकुमारीमा हुनेछ ।

**APPS SERVICES PVT. LTD.**
बालकुमारी-८, ललितपुर, फोन नं. ५१८६०१८ फ्याक्स:- ५१८६०३० Email: infoapps1172@gmail.com

कर्मचारी आवश्यकता
यसै मेनपावर कम्पनीको लागि तल उल्लेखित पदहरुको आवश्यकता भएकोले इच्छुक व्यक्तिहरुले आफ्नो बायोडाटा इमेल गर्नुहोला अथवा सिधै अफिसमा सम्पर्क गर्नुहोला ।
**(1) Receptionist- 2 (F), (2) Documentation- 2 (F)**

## UAE मा वैदेशिक रोजगारको अवसर

कम्पनी: **YAK & YETI NEPALESE CUISINE RESTAURANT L.L.C, DUBAI**

पूर्व स्वीकृत मितिः २०७९/०१/०७ चलानी नं.: ६०१७८१८ LT. No.: 261816

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३३,२५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Dishwasher | 1 | 0 | | 1000 | ३३,२५० | | | | | | | |
| 3. | Food Service Supervisor | 1 | 0 | | 2000 | ६६,५०० | | | | | | | |
| 4. | Kitchen Helper | 2 | 0 | | 1000 | ३३,२५० | | | | | | | |
| 5. | Light Vehicle Driver | 1 | 0 | | 1800 | ५९,८५० | | | | | | | |
| 6. | Motorcyclist | 2 | 0 | | 1500 | ४९,८७५ | | | | | | | |
| 7. | Waiter | 2 | 0 | | 1000 | ३३,२५० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ वैशाख १५ गते (28 April 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**इन्टरनेशनल ट्रेड लिङ्क नेपाल प्रा. लि.**
श्रम इजाजत नं. ७०६/०६४/०६५
बसुन्धरा चौकी, काठमाडौं, नेपाल, फोनः ४३९०६६९, ४३६३६९७
Email.: info@itlnepal.com, Web.: www.itlnepal.com

## मलेसियामा रोजगार | १. कम्पनी : A-T MOULD (M) SDN.BHD. शहरः MALAYSIA

पूर्व स्वीकृत मितिः २०७६/१०/२७ चलानी नं.: ६०१५१५१८ LT. No.: 232959 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Workers | 10 | 0 | स. काममा दक्ष | 1200 | ३३,०१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ चैत १५ गते (28 April 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसंग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Apollo Manpower Services Pvt. Ltd.**
श्रम इजाजत पत्र नं.: २२/०४८/०४९
Pinglasthan-9, Gausala, Kathmandu, Tel: 5901748, 5901370, Fax: 4490042
E-mail : amps@mos.com.np, info@apollomanpower.com
apollomanpower2017@gmail.com, Web : apollomanpower.com

## HOSPITALITY & HOTEL MANAGEMENT COURSES

होटल तथा हस्पिटालिटी सम्बन्धी सम्पूर्ण तालिमहरु जस्तै बारिस्टा, कमर्शियल कुकिङ, हाउस किपिङ, वेटर तथा वेट्रेस, कस्टुमर सर्भिस, स्किल डेभलपमेन्टजस्ता तालिमहरु भिक्टोरिया इन्टरनेशनल होटल ट्रेनिङ एण्ड इस्टिच्युटले दिँदै आइरहेको छ । यदि तपाईं पनि होटलसम्बन्धी राम्रो तालिम लिएर स्वदेश तथा विदेशमा स्वरोजगार बन्न चाहनुहुन्छ भने हामीलाई सम्झनुहोस् । यहाँ सस्तो मूल्यमा अन्तर्राष्ट्रिय स्तरको होटल सम्बन्धी तालिम दिई रोजगारको समेत ग्यारेन्टी दिइने भएकोले हुनाले ढिला नगरौं ।

Hotel Training Diploma 1750 Hrs Rs 160,000
F&B Service, Production, HK, Barista, FO, CSA
English Free Jobs.







तालिमपछि रोजगारको ग्यारेन्टी

**VICTORIA INTERNATIONAL**
**HOTEL TRAINING & INSTITUTE PVT. LTD.**
www.facebook.com/hoteltrainingnepal Email: hoteltrainingnepal@gmail.com
Contact: 9801100127/ 9801100128 / 9801100129 / 9801100130

मध्यान्ह
www.madhyanhadaily.com
८ वैशाख २०७९, बिहीबार
21 April 2022, Thursday

सम्पादकीय

## विवेकको परीक्षण

सत्ता साझेदार दलहरूबीच मुख्य शहरमा भागबण्डा मिलेको छ । प्रधानमन्त्रीको सरकारी निवास बालुवाटारमा लगातार बस्दै आएको सत्तारूढ गठबन्धनको बैठकले बुधबार महानगर र उपमहानगर पालिकामा भागबण्डा टुंग्याएको हो । सहमति अनुसार काठमाडौं, ललितपुर र विराटनगर महानगर पालिकाको मेयरको उम्मेद्‌वार नेपाली कांग्रेसले पाएको छ । नेकपा माओवादी केन्द्रले भरतपुर, नेकपा एकीकृत समाजवादीले पोखरा र जनता समाजवादी पार्टी (जसपा) ले वीरगञ्ज महानगरपालिको मेयर पाएको छ । मेयर नपाएको महानगरमा कांग्रेसको उपमेयरका उम्मेद्‌वार हुनेछन् । एकीकृत समाजवादीको काठमाडौं, माओवादी केन्द्रको ललितपुर र जसपाले विराटनगर महानगरपालिकामा उपमेयरको उम्मेद्‌वार उठाउनेछ । ११ उपमहानगरपालिकामा पनि भागबण्डा मिलेको छ । भागबण्डा अनुसार कांग्रेस सात, माओवादी केन्द्रले दुई, एकीकृत समाजवादीले एक र जसपाले एक उपमहानगरपालिकामा मेयर उठाउनेछन् । उपमहानगर पालिमा पनि महानगरपालिका जस्तै हरेक स्थानमा मेयर र उपमेयर फरक दलका हुनेछन् ।

सत्ता गठबन्धन विरूद्ध नेकपा एमालेका उम्मेद्‌वार हुनेछन् । राप्रपा नेपाल, परिवार दल जस्ता साना दलसँग तालमेलको तयारी गरेको एमाले भन्दा गठबन्धन नै बलियो शक्ति बन्न पुगेको छ । दलभित्र देखिएको असन्तुष्टि हल भएमा गठबन्धनका उम्मेद्‌वारले जित्ने सम्भावना बढी छ । किनकि ०७४ को चुनाव भन्दा यसपटक एमाले कमजोर छ । गएको वर्ष २ भदौमा मात्रै एमाले विभाजन भएर एकीकृत समाजवादी बनेको हो । कयौं स्थानीय तहमा एमाले झिनो मतान्तरले गएको चुनावमा जितेको थियो । यसपटक त्यो सम्भावना सकिएको छ । तसर्थ गठबन्धनका उम्मेद्‌वार उत्साहित बन्ने अवस्था देखिन्छ ।

तर संविधानको मूल भावना गठबन्धनका दलहरूले पालना नगर्ने खतरा पनि उत्तिकै छ । स्थानीय सरकारको पदाधिकारी मध्ये एउटा पदमा महिला उम्मेद्‌वार अनिवार्य बनाउनुपर्ने वैधानिक व्यवस्था छ । तर फरक दलबाट उम्मेद्‌वार बन्दा दुवै पुरूष हुने अवस्था नर्कान सकिन्न । यसअघि त्यस्तो अभ्यास समेत भएको थियो । तर मतदाताले विवेक पुर्‍याएकाले समावेशी पदाधिकारी बन्न पुगेको थियो । यसपटक भने ठूलो संख्यामा पदाधिकारीका दुवै उम्मेद्‌वार पुरूष हुने आशंका गरिएको छ । संविधान, व्यवस्था र संसद जोगाउन भन्दै बनेको गठबन्धनले यसतर्फ ध्यान दिन जरूरी छ । किनकि संविधानको भावना समावेशी समाज हो र शासकीय संरचना हो । त्यसतर्फ गठबन्धनका नेताहरूले सोच्न जरूरी छ ।

# क्रिप्टो करेन्सीको जाल र विश्व


*क्रिप्टो करेन्सीको चलन जत्तिको तीव्रतापूर्वक भयो त्यत्तिकै तीव्रताका साथ घोटालाहरू हुन थालेका छन् । कयौं वेबसाइटहरू नक्कली छन् जसले लगानीकर्ताहरूलाई आकर्षित गर्ने गर्दछन् र तिनको पैसा लिएर फरार हुने पनि गर्दछन् । भनिन्छ कि सन् २०२१ मा ९६ लाखभन्दा बढी मानिसहरूले यस्ता वेबसाइटहरूबाट धोका पाइसकेका छन् ।*

अग्रलेख



● लोकनारायण सुबेदी

चर्चित अर्थशास्त्री क्रुगम्यानले भनेका छन्, “क्रिप्टो करेन्सी एउटा पानीको फोका जस्तै हो, यो एउटा खराबी हो, अन्तर-व्यापार हो जुन प्रचलित वित्त व्यवस्थाका लागि खतरा हो ।” बैंक अफ इण्टरनेशनल सेटलमेण्टले ४ वर्ष अघि २०१८ मा नै खबरदारी गर्दै भनेको थियो - यो क्रिप्टो करेन्सी पानीको थोपाको त्यस्तो समूह जस्तै एउटा धोकापूर्ण योजना हो । फाइनेन्सियल एक्शन टास्कफोर्सका अनुसार यस क्रिप्टो करेन्सीको उपयोग ‘मनिलण्डरिरङ्ग र टेररिस्ट फण्डिङ्ग’का लागि पनि गरिन सक्छ । तर यस क्रिप्टो करेन्सीका पक्षधरहरूले यसलाई ‘ चम्किदो सुन’ र ‘जादुगरी मुद्रा’को संज्ञा पनि दिइराखेका छन् र यसलाई अघि बढाइराखेका पनि छन् । हुन पनि क्रिप्टो करेन्सी एउटा छद्म निराकार मुद्रा हो जसलाई न त गोजीमा राख्न सकिन्छ, न त कन्तुरमा राख्न सकिन्छ न त बैंकहरूको लकरमा नै यसलाई राख्न सकिन्छ । यो त इन्टरनेट, कम्प्यूटर या मोबाइलको वालेटमा स्टोर हुन्छ त्यसको ‘की कोड’ पनि जसले राखेको छ उसलाई मात्र त्यसका बारेमा थाहा हुन्छ । यो मुद्रा विकेन्द्रित हुन्छ, जसको पछाडि कुनै केन्द्रिय अधिकारी हुँदैन, न त कुनै अधिकारको अनुमति नै हुने गर्दछ । यसलाई बनाउन ‘ब्ल्याक चेन टेक्नोलोजी’को उपयोग गर्ने गरिन्छ ।



